राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ६ २०८२ साउन ७ गते बुधवार (23 July 2025) पृष्ठ ४ मूल्य रु. ३।-

### जनकपुरधामको सौन्दर्यमा बिक्री

## धार्मिक नगरीको दुर्दशा र दायित्वविहीनता

दैनिक समाचारदाता

जनकपुरधाम । जनकपुरधाम मधेश प्रदेशको राजधानी मात्र होइन, धार्मिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिकोणले समेत नेपालकै महत्वपूर्ण नगरी हो। जानकी मन्दिर, राम मन्दिर, बौधिमाई मन्दिर, गंगासागर, धनुष सागर जस्ता धार्मिक स्थलले समृद्ध यो नगरी हिन्दु आस्थाका दृष्टिले अत्यन्तै पवित्र स्थल हो। तर यति गरिमामय सहर अहिले दुर्व्यवस्था, असंवेदनशीलता र दायित्वविहीनताले ग्रसित छ। मुख्य मन्दिर क्षेत्रको सौन्दर्यता र पवित्रता दिनप्रतिदिन खल्बलिन थालेको छ, तर स्थानीय सरकार र सरोकारवाला निकाय मौन छन्।

जनकपुरधामको सुन्दरता र गरिमालाई हेर्ने पहिलो आधार भनेको यसको सडक, बत्ती, सरसफाई र धार्मिक स्थानहरुको व्यवस्थापन हो। तर अहिलेको अवस्थाले सहरको अनुहार नै कुरुप देखिन थालेको छ। मन्दिर क्षेत्रको सौन्दर्यलाई पूरै बिगार्ने गरी सडक छेउछाउमा ठेला, फुटपाथ पसल, खानेकुराको बिक्री र जथाभावी फालिएको फोहोरले धार्मिक स्थलमाथि नै अपमान गर्ने स्थिति सिर्जना भएको छ। जानकी मन्दिर, राममन्दिर, बौधिमाई मन्दिर लगायतका स्थानहरू विहानदेखि साँझसम्म दर्जनौं ठेलागाडाले घेरेका हुन्छन्, जहाँ सयौं मानिसहरु खाजा खाएर जुठो, फोहोर सडकमा



नै फाल्दछन्।

अझै गम्भीर कुरा के छ भने, त्यस्ता फोहर र भीडले पैदल यात्रु, श्रद्धालु र सवारी साधनलाई समेत असहज बनाएको छ। कतिपय अवस्थामा ठेलाको भीड, फोहोर र अव्यवस्थित सडकका कारण दुर्घटना समेत भएका छन्, तर स्थानीय प्रशासन, उपमहानगरपालिका, प्रहरी निकाय र नागरिक समाज मौन छन्। यस्तो स्थितिमा धार्मिक नगरीको मर्यादा जोगिने त कुरै भएन।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कर्ण भन्छन–'धर्मको नाममा जनकपुरधाममा श्रद्धालु गंगाजल छर्केर पूजा गर्न आउँछन्, तर उनीहरुले त्यो पवित्र स्थलमा जुठो फोहोर टेकेर हिँड्नुपर्ने बाध्यता छ। यो जनकपुरधामको मात्र होइन, सम्पूर्ण देशकै लज्जाको विषय हो।'

कर्णका अनुसार, मिथिला संस्कृति केवल नेपाल वा भारतमा सीमित छैन, यो सम्पूर्ण विश्वमा चिनिएको छ। यस्ता पवित्र स्थानहरूमा पर्यटक मात्र भगवान दर्शन गर्न आउँदैनन्, उनीहरू यहाँको खानपान, पोशाक, बोली, संस्कार, व्यवहार र सहरको व्यवस्थापन पनि हेर्छन्। तर ती सबै पक्ष असंगठित र अव्यवस्थित छन्। पर्यटक व्यवस्थापन, धार्मिक पर्यटन प्रवर्द्धन र सौन्दर्य विकासका लागि जिम्मेवार स्थानीय सरकार आफै मौन छ, र सहरका नागरिक पनि उदासीन छन्।

वरिष्ठ पत्रकार श्रीनारायण साह थप्छन–'जनकपुरधाम उपमहानगरपालिका जस्तो गम्भीर संस्थाले मठमन्दिर र सहरको सौन्दर्यता व्यवस्थापन गर्नु पर्ने बेलामा उल्टै त्यही क्षेत्रमा ठेला हटाउने नाउँमा बट्टी उठाउने अभियानमा मात्र सीमित छ। हिन्दीमा एउटा कहावत छ, 'बन्दर के हाथ में लाठी', ठ्याक्कै यस्तै भइसकेको छ जनकपुरमा। जसलाई धार्मिक चेतनाको अत्तोपत्तो छैन, उसैलाई नगरको साँचो दिइएको छ।'

जनकपुरधामका गंगासागर, धनुष सागर लगायत जस्ता सरसरोवरहरूको संरक्षणको सट्टा तिनीहरूको छेउमा ठेला पसल राखिएका छन्, प्लास्टिकका खोल, जुठा खानेकुराको खोल, ग्याँस सिलिण्डर र फोहोरको थुप्रो पवित्रताको मजाक बनेका छन्। जहाँ धार्मिक कथा र इतिहास लेखिनु पर्ने थियो, जहाँ सांस्कृतिक चित्र टाँसिनु पर्ने थियो, त्यहाँ अहिले फोहोरको बोराभित्र बजेको आधुनिक गीत र परिकारको गन्ध

बाँकी पृष्ठ ३मा

## मधेशमा पानी संकट तत्काल समाधानको पहल गर्न प्रधानमन्त्रीको निर्देशन



दैनिक समाचारदाता

जनकपुरधाम, ६ साउन। मधेश प्रदेशमा फैलिएको पानी संकटप्रति प्रधानमन्त्री कार्यालयले गम्भीर चासो व्यक्त गरेको छ। लगातारको खडेरी, न्यून वर्षा र जमिनमुनिको जलस्रोत सुक्दै जाँदा उत्पन्न भएको खानेपानी र सिँचाइको गम्भीर समस्याप्रति प्रधानमन्त्री कार्यालयका मुख्यसचिव एकनारायण अर्यालले विशेष ध्यानाकर्षण गराएका छन्।

सचिवस्तरीय बैठकमा मुख्यसचिव अर्यालले गृह मन्त्रालयलाई निर्देशन दिँदै प्रदेशका सबै प्रमुख जिल्ला अधिकारी (सीडीओ) मार्फत प्रभावित क्षेत्रहरूमा तत्काल खानेपानीको आपूर्ति सुनिश्चित गर्न आदेश दिएका हुन्।

मुख्यसचिव अर्यालले भने, "मधेशका विभिन्न भागमा वर्षा नभएको वा अत्यन्त कम भएको कारण धान रोपाइँमा कठिनाइ आएको छ, सिँचाइ सुविधा छैन, र खानेपानीको हाहाकार छ। यस्तो परिस्थितिमा तत्काल राहत पहल आवश्यक छ।"

उनले खानेपानी मात्र नभई सिँचाइको समस्या समाधानका लागि पनि सम्बन्धित निकायबीच समन्वय गर्न, तत्कालीन र दीर्घकालीन समाधान उपायहरू खोज्न आवश्यक रहेको स्पष्ट पारे।

स्रोतका अनुसार, केवल स्थानीय तहको प्रयासले समस्याको समाधान सम्भव नहुने भन्दै मुख्यसचिव अर्यालले संघीय र प्रदेश सरकारको संयुक्त पहल अपरिहार्य भएको उल्लेख गरेका छन्। उनले मधेश प्रदेशका सबै जिल्लामा जिल्ला विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक बोलाई आवश्यक निर्णयहरू गरेर त्यसको प्रतिवेदन प्रधानमन्त्री कार्यालयमा पठाउन निर्देशन दिएका छन्।

मधेशमा हालसम्म वर्षा नहुँदा धान खेती गम्भीर प्रभावित बनेको छ भने गाउँ-सहर दुवैतिर चापाकल र इनारहरू सुक्दै गएका कारण पानीको चरम अभाव देखिएको छ। स्थानीय तह र सर्वसाधारणले केन्द्र सरकारसँग तत्काल हस्तक्षेपको माग गरिरहेका बेला प्रधानमन्त्री कार्यालयबाट आएको यो सक्रियता सकारात्मक कदमका रूपमा हेरिएको छ।

## राजनीतिक अस्थाको आधारमा मल वितरण : वास्तविक किसान वन्चित

*वीरेन्द्र कर्ण*

जनकपुरधाम, ६ साउन। संघीय सरकारले किसानहरुको सुविधालाई ध्यानमा राखी सहुलियत दरमा मल उपलब्ध गराउँदै आएपनि जनप्रतिनिधिहरुले आफुखुशी मल वितरण गर्दा अन्य किसानहरु यसबाट वन्चित भएका छन्।

तराई मधेशको मुख्यबालीको रुपमा रहेको धानखेतीको लागि आवश्यक मर्ने मल बढी मूल्य तिरेर खरीद गर्नुपर्ने बाध्यता छ भने अर्कोतिर स्थानीय निकायले राजनीतिक आस्थाको आधारमा आआफ्ना किसानहरुलाई मात्र मल दिने गरेकोले छिमेकी मुलुक भारतबाट मल किन्नुपर्ने अवस्था रहेको खजुरीका किसान शिवनाथ मण्डलको गुनासो छ।

यसको प्रत्यक्ष उदाहरण नगराइन नगरपालिकाको वडा नं. ७ मा हेर्न पाइन्छ। त्यहाँ नेपाली काँग्रेस र एमालेका प्रतिनिधिहरु राखेर मल वितरण गर्दा अन्य पार्टीमा आस्था राख्ने किसानहरुले भने मल पाउन नसकेको शिवशक्ति कृषि सहकारी संस्था नगराइनका सञ्चालक मनोज कुमार यादवको आरोप रहेको छ।

नेपाल सरकारको स्वामित्वमा रहेको कृषि समाग्री कम्पनी लि. शाखा कार्यालय जनकपुरधामले आफ्नो थोक बिक्रेता मार्फत सुदुर ग्रामीण क्षेत्रसम्म मल पुर्‍याएपनि स्थानीय निकायले लोड अनलोड श्रमिकको ज्याला र दूरीको हिसाबले लाग्ने भाडादर लगायत सबै खर्च जोडेर प्रति बोरा पाँचदेखि १० प्रतिशत बढी मूल्य राखी बेच्न भनेपछि सरकारी संस्थाहरुले सोही अनुरुप मल बेच्दा किसानहरुलाई महँगो पर्न गएको ती बिक्रेताको भनाई छ।

केही दिनयता मंसुन भित्रिएसँगै धान रोपाई सुरु भएको छ। तर किसानहरुले भने आवश्यक पर्ने मल पाउन सकेको छैन। कृषि समाग्री कम्पनी लि. शाखा कार्यालय जनकपुरधामको गोदाममा पर्याप्त मात्रामा मल भएपनि किसानसम्म मल नपुगेको गुनासो समेत बढ्न थालेको छ। पानीको अभावमा धनुषा जिल्लाका केही ठाउँमा किसानहरुले मल बिना नै धान रोपाई शुरु गरेको छ। कम्पनीले आर्थिक वर्ष २०८१/८२ मा १५ करोड,२४ लाख ६१ हजार ४ सय ८० रुपैया मूल्य बराबरको ८ हजार ९ सय ६३ मेटन युरिया, २८ करोड ७६ लाख ४९ हजार ९ सय १९ रुपैया मूल्य बराबरको ६ हजार २ सय ५१ मेटन डिएपी र १ करोड १२ लाख ३ हजार १ सय ८० रुपैया मूल्य बराबरको ३ सय ५० मेटन पोटास बिक्री गरेको छ।

वर्षेबालीका लागि आवश्यक पर्ने मल कम्पनीसँग युरिया ८३५ मेटन, डिएपी ८५० मेटन र २५.२५० मेटन पोटास मौज्दात अवस्थामा रहेको छ।


धानखेतीको लागि आवश्यक पर्ने मल पर्याप्त मात्रामा छ भने मगाउने क्रम जारी रहेकोले यसपाली किसानलाई मलको अभाव नहुने शाखा प्रबन्धक बेचन कुमार साहले बताए। यहाँबाट धनुषा र महोत्तरीका २७ पालिकामा रहेका २०९ वटा सहकारी संस्था मार्फत मल जाने गरेको भएपनि सम्बन्धित पालिकाको ढिलासुस्ती र राजनीतिक पूर्वाधारको कारण कतिपय किसानले मल पाउन नसेको अवस्था रहेको छ।

## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरिपरी सर्प बस्न सक्ने सम्भावित ठाउँको पहिचान गरी तिनलाई नष्ट गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर मात्र हिडौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा मात्र सुतौं।

सर्पको टोकाइबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# जनकपुरधाममा अपराधको बढ्दो छाया : सुरक्षाप्रति गम्भीर प्रश्न

जनकपुरधाम धार्मिक, ऐतिहासिक र सांस्कृतिक गौरवले भरिएको सहर हो । तर पछिल्ला केही दिन यस्ता घटनाहरू सार्वजनिक भएका छन्, जसले यो गौरवपूर्ण सहरको सामाजिक सुरक्षाप्रति गम्भीर प्रश्न उठाएको छ । हत्या, आत्महत्या, ठगी, र ज्यानसम्बन्धी गम्भीर आपराधिक गतिविधिहरूको तीव्रता हेर्दा जनकपुरधाम अब केवल धार्मिक पर्यटनको केन्द्र नभई अपराधिक छायाँमा डुब्न थालेको भय जागृत हुन्छ ।

अपराधका ताजा घटनाहरूमा सबैभन्दा चर्चित रहेको छ( साउन ३ गते जनकपुरधामस्थित 'होटेल एसपी एण्ड गेस्ट हाउस' मा भएको एक युवाको हत्या । ३२ वर्षीय विमलेश यादव आफ्नी प्रेमिका बताइएकी २१ वर्षीया जुली झासँग होटल प्रवेश गरेपछि रगताम्य अवस्थामा तल खसेर ज्यान गुमाउँछन् । घटना केवल एक प्रेमसम्बन्धी द्वन्द्वको परिणति मात्र हो कि, कि यसमा अन्य कोणहरू छन( त्यो प्रहरीले पुष्टि गर्ने विषय हो । तर, सार्वजनिक सीसीटीभी फुटेज, अभियुक्तको भाग्ने शैली, र हत्यापछि तत्काल पक्राउ हुनुजस्ता तथ्यले सहरको सार्वजनिक सुरक्षामाथि नै प्रश्न खडा गर्छ ।

त्यो घटनाको केही दिनभित्रै, जनकपुरधाममै प्रहरीले अरू दुइवटा संवेदनशील घटना सार्वजनिक गऱ्यो । पहिलो, प्रहरीले आफैँलाई प्रहरी भनेर जनताबाट पैसा असुल्ने एक व्यक्ति पक्राउ परेको सूचना आयो । प्रहरीको नाम दुरुपयोग गरेर पैसा माग्नु केवल ठगी मात्र होइन, संस्थागत आस्थामाथिको ठुलो प्रहार हो । जनताको सुरक्षाको जिम्मा लिएको प्रहरीको नामै बेचेर हुने ठगीले राज्य संयन्त्रप्रति नै अविश्वास पैदा गराउँछ । यसले प्रहरी संगठनभित्रको कमजोरी, निगरानीको अभाव, र स्थानीय प्रशासनको उदासीनतालाई पनि उजागर गर्छ ।

तेस्रो घटना झन् झनक्क पोल्ने प्रकारको छ । धनुषा जिल्लाको मिथिला नगरपालिकास्थित एक विद्यालयकी शिक्षिका विमला मगरको आत्महत्या । आत्महत्या आफैँमा एक त्रासदी हो, तर जब त्यसमा अरू कसैले उक्साहट दिएको आरोपसहित चेक दुरुपयोग, सामाजिक बेइज्जतीको धम्की, र मानसिक पीडाको तथ्यहरू जोडिन्छन्, तब त्यो केवल आत्महत्या नभएर गम्भीर सामाजिक अन्याय र राज्य संयन्त्रको असफलताको द्योतक बन्छ । विमलाले छोडेको सुसाइड नोट, ऋण चुक्ता गरिसकेपछिको अनावश्यक दबाब, र राजकिशोर यादवको घरबाट बरामद भएका कागजातहरूले एक सुसज्जित अपराधिक व्यापारको पर्दाफास भएको संकेत गर्छ ।

यी तीनवटै घटनाको प्रकृति फरक भए पनि एउटै साझा चिन्ता देखिन्छ( जनकपुरधाममा बढ्दो सामाजिक असुरक्षा, प्रहरी र प्रशासनको निगरानीमा कमजोरी, र जनताको विश्वासमाथिको प्रहार । जब प्रेम, ऋण, वा पदको दुरुपयोग गरी हत्या, आत्महत्या वा ठगीजस्ता अपराध हुन थाल्छन्, तब ती केवल व्यक्तिगत घटना हुँदैनन; ती सम्पूर्ण समाजको ऐनामा देखिने कलंकी चित्र हुन्छन् ।

जनकपुरधाम केवल जानकी मन्दिर र रामायणकालीन इतिहासको प्रतीक होइन, यो मधेश प्रदेशको राजधानीसमेत हो । यहाँका सामाजिक संकेतहरू सम्पूर्ण प्रदेशका लागि सन्देशदायी हुने गर्छन् । यदि यस्तो शहरमा सुरक्षित बसोबास, न्यायको पहुँच, र राज्य संयन्त्रप्रति विश्वास हराउँदै जान्छ भने त्यो केवल अपराध वृद्धि होइन, लोकतान्त्रिक संस्थाको विघटनको सुरुवात हुनेछ ।

अब समय आएको छ कि स्थानीय प्रशासन, प्रहरी निकाय र सम्पूर्ण नागरिक समाजले यी घटनालाई सामान्य घटनाको रूपमा नलिएर, सामाजिक संकटको रूपमा हेरुन् । प्रत्येक हत्याको पृष्ठभूमि बुझ्नुपर्छ, आत्महत्या पछाडिका सामाजिक संरचनाको अध्ययन गर्नुपर्छ, र प्रहरीको नाममा हुने ठगीलाई 'सानो गल्ती' नभनी कानुनी कठघरासम्म पुऱ्याउनुपर्छ ।

जनताको सुरक्षाको प्रत्याभूति दिन नसक्ने राज्यको वैधानिकताको औचित्य हराउँछ । त्यसैले यी घटनाहरूको निष्पक्ष, तीव्र र पारदर्शी अनुसन्धान, दण्डहीनताको अन्त्य, र प्रहरी प्रशासनमा जनउत्तरदायिता बढाउनु आजको पहिलो आवश्यकता हो ।

### यात्रा स्मरण :

# जानकीको आँचलदेखि देवघरको बैद्यनाथधामसम्म



कैलास दास

जनकपुरधाम नेपालको धार्मिक र सांस्कृतिक धरोहरको धनी तीर्थस्थल हो । यो पवित्र शहरमा हिन्दू धर्मावलम्बीहरूका लागि अत्यन्त महत्वपूर्ण स्थलहरू छन्, जहाँ देशी-विदेशी हजारौं श्रद्धालुहरू वर्षेनी दर्शनार्थ आउँछन् । म, सञ्चारकर्मीको रूपमा, विगत केही वर्षदेखि जनकपुरधामका धार्मिक सम्पदाहरूको संरक्षण र प्रवर्धनको विषयमा लेख्दै आएको छु । तर आफूले यहाँ बाहेक कुनै ठूलो तीर्थस्थलको भ्रमण गरेको थिएन । वैद्यनाथधामको यात्राले मेरो धार्मिक अनुभूतिलाई नयाँ आयाम दियो ।



२०७० साल साउन २१ गते सोमबार साँझ ८ बजे अचानक फोन आयो । मिथिला ऋतु साप्ताहिकका सम्पादक उमेश दाइले भने, कैलास, तिमी वैद्यनाथधाम जान्छौ ? यदि जान्छौ भने टिकट आजै रिजर्भ गरौं । त्यो समाचारले मेरो मनमा उत्साहको सागर उठायो । बाबाधाम जाने सोचले मलाई आनन्दित तुल्यायो । उमेश दाइले चार दिनभित्र यात्रा सकिने बताए । हामीले पूर्वाधार राम्रोसँग मिलाएर योजना बनायौं ।

साउन २३ गते शनिवार मध्यान्ह ४ बजेर ५ मिनेटमा भारतको जयनगरबाट चल्ने गंगासागर एक्सप्रेसको टिकट कन्फर्म भयो । त्यो क्षण मेरो जीवनको एक ऐतिहासिक पल थियो। यात्रा तय भयो र तयारीमा जुट्न लागें ।

यात्राको पूर्वसन्ध्यामा उमेश दाइसँग म कस्तो तयारी गरुँ भनी कुरा गरें । उहाँले पवित्र वस्त्र कम्तीमा एक सेट, आरामदायी कपडा, थोरै भारतीय रुपैयाँ लिन सुझाव दिनुभयो । म जनकपुरबाट जयनगर कसरी जान्छु भनेर पनि उहाँलाई सोधेँ । उहाँले मेरो चिन्ता हटाउँदै, "मैले जीप र चालकलाई सबै व्यवस्था गरिदिएको छु । तिमीहरूलाई जीपले लिन र ल्याउनै पर्छ," भन्नुभयो।

साउन २४ गते विहान मैले श्याम भाईजीलाई फोन गरें । उहाँले सावा बारह बजे घरबाट निस्कने बताउनुभयो । १२:१५ बजे उहाँको फोन आयो, "म सीता चौकमा छु, तिमी भानु चौकमा आउ ।" म तयार भएर भानु चौक पुगेँ । श्याम भाईजी रिक्सा चढेर आए । हामी एउटै रिक्सा चढेर उमेश दाइको घर नजिक पुग्यौं ।

जीप आइपुग्यो र हामी "जानकी माता की जय" भन्दै जयनगरतर्फ प्रस्थान गर्यौं । बाटोमा धार्मिक, सामाजिक र राजनीतिक विषयमा गफ गरिरहेका थियौं । जनकपुर-जयनगर सडकको दुर्दशा, सीमा क्षेत्रको अवस्था र विकासका लागि आवश्यक सुधारका विषयमा चर्चा गरिरहँदा मलाई लेखनका लागि नयाँ प्रेरणा मिलिरहेको थियो । जयनगर पुग्न केही समय लाग्यो । त्यहाँ पुगेर हामीले गञ्जी र गम्छा किन्यौं र स्वादिलो नास्ता खायौं । त्यसपछि जयनगर रेल्वे स्टेशनको प्लेटफार्म नम्बर २ मा गंगासागर एक्सप्रेसको पर्खाइ गर्यौं ।

रेल निर्धारित समयभन्दा पाँच मिनेट ढिलो गुड्न थाल्यो । रेलमा हामी तीनैजना तलको सिटमा बसेका थियौं, चार सिटमध्ये एउटा अपरिचित वृद्ध पनि थिए । हामीले मैथिली भाषा र संस्कृति सम्बन्धी कुराकानी गर्दै विभिन्न विषयमा छलफल गर्यौं । वृद्धले पनि आफ्नो अनुभव र आक्रोश सुनाउँदै हाम्रो यात्रालाई थप रोचक बनाइदिए । रेलयात्रा बीचमा हामीले खाना माग्यौं । बरौनी स्टेशनमा ट्रेन रोकियो र हामीले प्लेटफार्ममै खाना खायौं । खाना सादा, स्वादिलो थियो । भोजन पछि केही समय घुमफिर गरी फेरि आफ्नो सीटमा बसेर आराम गर्यौं । म र श्याम भाईजी आरामसँग सुतेँ, तर उमेश दाइ सधैं जागरुक थिए । उहाँले मोबाइलमा स्टेशनहरूको जानकारी लगातार हेर्दै रेलको अवस्थाको निगरानी गर्नुभएको थियो ।

झाझा रेल्वे स्टेशन नजिकिँदै गर्दा उहाँले हामीलाई जगाउनुभयो । हामी तीनैजना जसीडीह रेल्वे स्टेशनमा झरेका थियौं । स्टेशनबाट बाहिर निस्केपछि श्याम भाईजी र म बुक स्टलतिर लाग्यौं । त्यहाँ श्याम भाईजीले 'अष्टाबक्रको महाभारत' नामक पुस्तक देखे र तुरुन्तै किनेर आफ्नो झोला भित्र राखे । त्यो क्षण पनि यात्राको एउटा रमाइलो सम्झना भयो ।

जसीडीहबाट टेम्पो चढेर देवघरतर्फ लाग्यौं । राति १२ बजेर १९ मिनेट हुँदा हामी देवघर टावर चौकमा पुगेका थियौं । टेम्पो चालकसँग सोध्दा राति र दिनको भाडा समान थियो । हामीले ३० रुपैयाँ तिरेर आरामदायी यात्राको आनन्द लियौं । होटल गुप्ता, जसमा हामी दुई दिन बस्ने थियौं, होटल बन्द थियो तर कर्मचारीले हामीलाई स्वागत गऱ्यो । कोठा साच्चैमा राम्रो थियो र होटल मालिक र स्टाफको सत्कारशैलीले हामीलाई मनपऱ्यो। बिजली गएपछि पनि जेनेरेटर चलाएर सुविधा दिइरहेका थिए । आइतवार विहान चार बजे उठेर स्नान गऱ्यौं । त्यसपछि हामी वैद्यनाथधामको दर्शनका लागि तयार भयौं । पवित्र वस्त्र लगाएर होटलबाट निस्केका थियौं । मन्दिरको पश्चिम ढोकामा पण्डाजीले हाम्रो स्वागत गर्नुभएको थियो। हामीले पुष्प, बेलपत्र, गंगाजल लिएर दर्शनको लामो पंक्तिमा बस्यौं । भाद्र महिनाको तातो घाममा करिब दुई किलोमिटर लामो पंक्ति देख्दा म निकै अचम्मित भएँ । त्यहाँका भक्तजनहरू विभिन्न भाषाभाषी र उमेर समूहका थिए, जो बाबा वैद्यनाथप्रति अत्यन्त श्रद्धालु देखिन्थे । देवघरको धार्मिक वातावरण अत्यन्त शान्त र मनमोहक थियो । त्यहाँको कुनै पनि होटलमा मासु, माछा, प्याज, लसुनजस्ता पदार्थको प्रयोग थिएन । यसले त्यहाँका मानिसहरूको शुद्धता र सेवाभाव झल्काउँथ्यो । म जनकपुरलाई सम्झेर केही क्षण दिक्क भएँ, किनभने यहाँका होटलहरूमा मांसाहार र मदिरा सजिलै पाइन्छ ।

हामीले भगवान कृष्णको मन्दिरमा पनि दर्शन गर्यौं र केही समय आराम गरेपछि फेरि वैद्यनाथ मन्दिर पुगेर सन्ध्याकालीन आरतीमा सहभागी भयौं । त्यसदिन साँझ हावा झरेको र हल्का पानी परिरहेको थियो । हामीले भोजन गरी होटलमा फर्क्यौं ।

सोमबार बिहान ८ बजे हामी नन्दन पहाड पुगेका थियौं । प्रवेश शुल्क तिरेर भगवान शिवको मूर्ति र भक्तहरूको मूर्तिहरू अवलोकन गर्यौं । त्यहाँको प्राकृतिक सौन्दर्य, पार्क र तलावले नन्दन पहाडलाई आकर्षक बनाएको थियो । पहाडको दक्षिणतिर शिव महिमा झल्काउने मूर्तिहरू थिए भने उत्तरतिर सुरक्षा क्याम्प थिए ।

नन्दन पहाड हेर्दा मलाई जनकपुरको याद आयो । जहाँ ५२ कुट्टी, ७२ कुण्ड, जानकी मन्दिर, राम मन्दिर, धनुषाधाम, गंगासागर लगायतका धार्मिक स्थलहरू छन्। तर जनकपुरमा पर्यटकलाई आकर्षित गर्ने पूर्वाधार र व्यवस्थापनको कमी छ ।

जनकपुरधाम विश्वव्यापी धार्मिक आस्था र सांस्कृतिक महत्व राख्ने स्थल हो । यद्यपि यहाँको दुर्गम सडक, अस्वच्छ वातावरण, मद्यपान र मांसाहारले धार्मिक यात्रुहरूलाई निराश बनाइरहेको छ । राज्य र स्थानीय निकायले यसप्रति ध्यान दिनु आवश्यक छ ।

हामीले बाबाधामबाट चार दिनको धार्मिक यात्रा पूरा गरी जनकपुर फर्कियौं । यस यात्राले मलाई धर्म, संस्कृति, आस्था र पर्यटनको महत्व बुझ्न ठूलो अनुभव दियो। अब समय आएको छ कि हामीले आफ्ना धार्मिक सम्पदाहरूलाई संरक्षण गर्दै देश र विदेशका पर्यटकहरूलाई आकर्षित गर्ने ठोस योजना बनाऔं ।

यो धार्मिक यात्राले मेरो मनमा गहिरो छाप छोड्यो । बाबाधामको शान्त र पवित्र वातावरण, त्यहाँको भक्तजनहरूको माया र श्रद्धाले मलाई अद्भुत अनुभूति दिलायो । जीवनका आरोह-अवरोहबीच धर्म र आस्थाले मानिसलाई कसरी जोड्दछ भनेर मैले यो यात्राबाट बुझें । देवघरको निरामिष भोजन र श्रद्धालुहरूको शिष्टाचारले मलाई सोच्न बाध्य पाऱ्यो कि हामीले हाम्रो आफ्नै धाम र संस्कृतिको संरक्षणमा कहिल्यै उदासीन हुनुहुँदैन ।

वैद्यनाथधामको यात्राले मेरो पत्रकारिता क्षेत्रमा नयाँ उर्जा थप्यो । यस यात्राको अनुभवलाई लेख्न पाउँदा मैले धार्मिक पर्यटनमा हुने सम्भावनाहरू र यसको संवेदनशील पक्षलाई समेत उजागर गर्न सकें। जनकपुरजस्तै ऐतिहासिक र पवित्र स्थलहरूलाई सजावट, सफाई, सुरक्षित वातावरण, र उचित व्यवस्थापन गरेर विश्वकै उत्कृष्ट तीर्थस्थल बनाउन सकिन्छ। यसका लागि आवश्यक छ – राज्य, समाज र स्थानीय जनताको सक्रिय भागीदारी ।

यात्रा क्रममा मैले थुप्रै कुराहरू सिकें – धार्मिक आस्था र सांस्कृतिक पहिचान मात्र होइन, तीर्थस्थलहरूको विकास, पर्यटक व्यवस्थापन, र स्थानिय जनताको जागरण आवश्यक छ। यी कुराले मात्र हाम्रो धार्मिक स्थलहरू सुरक्षित र सशक्त बन्न सक्छन् । मैले जे देखेँ र अनुभूत गरें, त्यो मेरो लेखनको प्रमुख आधार बन्नेछ। यो यात्रा मेरो व्यक्तिगत मात्र होइन, सामाजिक तथा सांस्कृतिक जीवनको एउटा महत्वपूर्ण मोड बन्यो । पवित्र बाबाधामको अनुभवले मलाई धार्मिक पर्यटन र सांस्कृतिक संरक्षणमा अझ सक्रिय बन्न प्रेरित गऱ्यो । जनकपुरधाम जस्ता ऐतिहासिक स्थलहरूमा आधुनिक पूर्वाधार, सफाई, सुरक्षा र पर्यटकमैत्री वातावरण ल्याउन सकेनौं भने ती स्थलहरू विकासभन्दा पनि विनाशको बाटोमा जान्छन् । यस यात्राले मलाई सिकायो कि धार्मिक स्थलहरूलाई श्रद्धा र भक्तिमात्र होइन, व्यवस्थापन र संरक्षणका दृष्टिले पनि विशेष प्राथमिकता दिनुपर्छ। यी स्थलहरूमा आउने प्रत्येक पर्यटक र श्रद्धालुले सुरक्षित, शान्तिपूर्ण र पवित्र अनुभूति पाउनुपर्छ। त्यसो हुँदा मात्र हाम्रो संस्कृति, इतिहास र आस्था बच्न सक्छ ।

---

*स्मरण : यो यात्रा स्मरण २०७० साल भाद्र ८ गते वैद्यनाथधाम दर्शन गरी फर्किएर आएरपछि लेखिएको हो ।*

# पुस्तक बिक्रीबाट सङ्कलित रु. १२ करोड आविष्कार केन्द्रलाई

झापा, ६ साउन । राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष डा महावीर पुनको आत्मकथा 'महावीर पुनः सम्झना, सपना र अविरल यात्रा' पुस्तक दुई लाख १८ हजार प्रति बिक्री भएको छ। केन्द्रको सहयोगार्थ पुस्तक बिक्रीका लागि विर्तामोड आउनुभएका डा पुनले उक्त जानकारी दिनुभएको हो। उहाँले पुस्तक बिक्रीबाट रु १२ करोड राष्ट्रिय आविष्कार केन्द्रको खातामा जम्मा भइसकेको बताउनुभयो। उहाँको पुस्तकको मूल्य रु सात सय ५० छ।

उक्त रकमलाई उहाँले केन्द्रले सञ्चालन गर्दै आएको वीरगञ्ज औजार कारखाना र आविष्कार गतिविधिमा खर्च गरिने जानकारी दिनुभयो। पुस्तक बिक्रीका लागि एक सातादेखि झापामा रहनुभएका उहाँलाई संस्थागत र व्यक्तिगत रूपमा आमन्त्रण गरेर पुस्तक किन्ने क्रम बढिरहेको छ।

विर्तामोड नगरपालिकाले सोमबार एक कार्यक्रम आयोजना गरी केन्द्रको सहयोगार्थ रु ५० हजार मूल्य बराबरको पुस्तक खरिद गरेको छ। नगरउपप्रमुख पवित्रा महतरा प्रसाईंले मुलुकलाई आत्मनिर्भर बनाउन पुनको



अभियान प्रशंसनीय भएकाले उहाँको पुस्तक किनेर सहयोग गर्न पाउँदा गर्व लागेको बताउनुभयो।

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत महेन्द्र गिरीले वैज्ञानिक महावीर पुनको देशप्रेम र लगनशीलता अनुकरणीय रहेको चर्चा गर्दै उहाँको पुस्तक किनेर मुलुकलाई आत्मनिर्भर बनाउन योगदान पुर्याउनुपर्ने बताउनुभयो।

विर्तामोड, दमक, बाह्रदशी, विर्तामोड, बुद्धशान्तिलगायतका पालिकामा स्थानीय सामाजिक संस्था र युवाहरूको अगुवाइमा उहाँको किताब किन्ने अभियान सञ्चालन भइरहेको छ। विर्तामोडमा सोमबार आयोजित कार्यक्रममा डा पुनले सामाजिक सञ्जालमा नेताहरूलाई गाली गरेर मात्र नबस्न युवाहरूलाई आग्रह गर्नुभयो। "देशका लागि आ-आफ्नोतर्फबाट सानो भए पनि योगदान गर्नुपर्छ", उहाँको भनाइ थियो, "सामाजिक सञ्जालमा नेताहरूलाई गाली गरेर मात्र हुँदैन।" उहाँले राष्ट्रिय आविष्कार केन्द्रमा हाल १५ प्रकारका कृषि औजार उत्पादन भइरहेको जानकारी दिनुभयो। ती उपकरण भविष्यमा पालिकाका साना किसानका लागि लाभदायक हुने उहाँले विश्वास व्यक्त गर्नुभयो। रासस

# स्कुलमा विमान दुर्घटना, २७ जनाको मृत्यु, बङ्गलादेशमा शोक

ढाका, ६ साउन। बङ्गलादेशको एक स्कुलमा प्रशिक्षण लडाकू जेट दुर्घटना हुँदा २५ बालबालिका र अन्य दुई जनासहित २७ जनाको मृत्यु भएपछि मङ्गलबार परिवारहरू र शिक्षकहरू भेला भएका छन्। यो दशकौंको सबैभन्दा घातक विमान दुर्घटना हो।

चीनमा निर्मित एफ-७ बिजेआई विमान माइलस्टोन स्कुल एन्ड कलेजमा खसेको बेला अधिकांश पीडित विद्यार्थीहरू भर्खरै कक्षाबाट बाहिर निस्किएका थिए। "अहिलेसम्म २७ जनाको मृत्यु भइसकेको छ। तीमध्ये २५ जना बालबालिका र एक जना पाइलट छन्", स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका मुख्य सल्लाहकारका विशेष सहायक सैयदुर रहमानले २० जनाको मृत्यु सङ्ख्यालाई अद्यावधिक गर्दै भन्नुभयो, "विभिन्न अस्पतालमा ७८ जनाको उपचार भइरहेको छ।"



दुर्घटनामा १७० जनाभन्दा बढी घाइते भएका कारणबारे अनुसन्धान गरिरहेको सेनाले जनाएको छ। सामान्यतया व्यस्त रहने स्कुल मङ्गलबार बिहान एकदमै शान्त थियो, कक्षाहरू रद्द गरिएको थियो। "बालबालिकासहित स्कुलले पनि ज्यान गुमाइसकेको छ", आफ्नो छोरा मुस्किलले दुर्घटनाबाट बचेका ४५ वर्षीय शिक्षक शहादत होसेनले भन्नुभयो, "प्रभावित भवनको अगाडि दुईवटा झुला छन्। खाजा समय र स्कुलपछि बालबालिकाहरू त्यहाँ खेल्छन्। हिजो पनि विमान दुर्घटना भएको समयमा विद्यार्थीहरू ती झुलामा थिए।"

स्कुलमा लगभग सात हजार विद्यार्थी भर्ना भएका छन्। तीमध्ये अबुल बशारको छैटौं कक्षाका छोरा पनि छन् र उनको सबैभन्दा मिल्ने साथी मारिएका छन्। "उनी दुर्घटना हुनुभन्दा दुई वा तीन मिनेट अगाडि मात्र बाहिर निस्किएका थिए", बशारले भन्नुभयो, "उनी रातभर सुत्न सकेनन् र आज बिहान उनलाई स्कुल ल्याउन मलाई बाध्य तुल्यायो।"

*-बालबालिकाहरूका आघात-*

स्कुल अधिकारीहरूले घटनास्थलबाट बालबालिकाका झोलाहरू, जुत्ताहरू र परिचयपत्रहरू सङ्कलन गरेका छन्। वरिष्ठ प्रहरी अधिकारी पह्न चक्माले सशस्त्र बलका कर्मचारीहरूले अझै पनि क्षेत्र सफा गरिरहेको बताउनुभयो। "उनीहरूले त्यस ठाउँलाई पछि प्रहरीलाई हस्तान्तरण गर्नेछन् र त्यसपछि हामीले कुनै पनि मानव अवशेष वा विद्यार्थी र अन्यको सामानसहित प्रमाण सङ्कलन गर्नेछौँ", उहाँले भन्नुभयो।

ड्युटीमा रहेका वायुसेनाका कर्मचारीहरूले सोमबार राति लडाकू जेटको अवशेषहरू हटाइएको बताए, तर उनीहरूले अझै प्रमाणका लागि साइट खोजी गरिरहेका छन्। "बालबालिकाहरूलाई यो आघातबाट मुक्त गर्न, सामान्य अवस्थामा फर्कन कति समय लाग्नेछ मलाई थाहा छैन", शिक्षक होसेनले भन्नुभयो। सोमबार राति स्कुल अधिकारीहरूले परिसरमा प्रार्थना गरे। बङ्गलादेशका अन्तरिम नेता मुहम्मद युनुसले यस घटनामा 'गहिरो शोक र दुःख' व्यक्त गर्दै एक दिनको राष्ट्रिय शोक घोषणा गर्नुभएको छ। "वायुसेना, विद्यार्थी, अभिभावक, शिक्षक र माइलस्टोन स्कुल र कलेजका कर्मचारी र यस दुर्घटनाबाट प्रभावित अन्यको क्षति अपूरणीय छ", उहाँले भन्नुभयो, "यो राष्ट्रका लागि गहिरो पीडाको क्षण हो।"सेनाले जेटले 'कथित रूपमा मेकानिकल समस्या सामना गर्दा' पाइलट, फ्लाइट लेफ्टिनेन्ट तौकीर इस्लाम नियमित प्रशिक्षण मिसनमा रहेको बताएको छ। इस्लामले विमानलाई घना जनसङ्ख्या भएका क्षेत्रहरूबाट टाढा सार्ने प्रयास गरेको तर 'आफ्नो सक्दो प्रयासका बावजुद' दुईतले विद्यालय भवनमा ठोक्किएको सेनाले सोमबार जनाएको छ। रासस/एएफपी

# 'सात दिनभित्र समितिका दिर्नेशनको प्रगति विवरण माग्ने निर्णय'

काठमाडौँ, ६ साउन। प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले गत आर्थिक वर्ष २०८१/२०८२ मा विभिन्न निकायलाई दिएका निर्देशनको कार्यान्वयन प्रगति विवरण सात दिनभित्र माग्ने निर्णय गरेको छ।

सिंहदरबारमा आज बसेको बैठकले समितिबाट दिइएका निर्देशनको कार्यप्रगति सात दिनको समय दिएर माग गर्न निर्देशन दिएको हो। समिति सभापति अम्मरबहादुर थापाले गत आर्थिक वर्षमा विभिन्न मितिमा भएका बैठकले विभिन्न निकायलाई दिएका निर्देशन कार्यान्वयनको विवरण माग गर्ने निर्णय गरिएको बताउनुभयो।

बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ, सञ्चार मन्त्रालयका सचिव राधिका अर्याल, कानुन मन्त्रालयका प्रतिनिधिको उपस्थिति थियो।

बैठकले मिडिया काउन्सिल विधेयकमाथिको सैद्धान्तिक छलफल एवं संशोधनकर्ता सांसदसँग छलफल हुँदा विचाराधीन सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक, २०८२, सामाजिक सञ्जाल विधेयक, २०८१ सँग अन्तरसम्बन्धित विषयहरू उठाएकाले समितिको आगामी बैठकमा त्यसबारे प्रष्ट पार्न सञ्चार मन्त्रालयलाई निर्देश गरेको छ।

'छलफलमा दुई विधेयकसँग अन्तरसम्बन्धित विषय उठाइएकाले उल्लेखित कुन विधेयकसँग सम्बन्धित रहेका छन् र कुन विधेयकले के कुरालाई प्रतिनिधित्व गर्छ भन्ने' विषयमा समितिलाई प्रष्ट पार्न सञ्चार मन्त्रालयलाई निर्देश गरिएको जनाइएको छ।

'काउन्सिललाई स्वायत्त



निकाय बनाउनुपर्छ'

बैठकमा मिडिया काउन्सिल विधेयकमाथि संशोधनकर्ता सांसदहरूले मिडिया काउन्सिललाई स्वायत्त, स्वतन्त्र र निष्पक्ष निकायका रूपमा स्थापित गर्नेगरी आवश्यक प्रबन्ध गरिनुपर्नेमा जोड दिनुभयो। उहाँहरूले काउन्सिलमा सरकारको एकाधिकार नहुनेगरी स्वायत्त निकाय बनाउनुपर्ने सुझाव प्रस्तुत गर्नुभएको थियो।

संशोधनकर्ता सांसद भानुभक्त जोशीले मिडिया काउन्सिललाई नियमनको नाममा बढी हस्तक्षेपकारी नहुनेगरी स्वायत्त निकायका रूपमा स्थापित गरिनुपर्ने सुझाव दिनुभयो। उहाँले काउन्सिलको अध्यक्ष स्वतन्त्र व्यक्ति रहनेगरी विधेयकलाई समृद्ध बनाइनुपर्ने धारणा राख्नुभयो

संशोधनकर्ता सांसद शिशिर खनालले राज्यको चौथो अङ्गका रूपमा रहेको प्रेस जगत्लाई स्वतन्त्र, निष्पक्ष र जिम्मेवार बनाउन काउन्सिललाई स्वायत्त बनाउनुपर्ने खाँचो औँल्याउनुभयो। उहाँले विधेयकमा प्रस्तावित सिफारिस समिति बनाउँदा कार्यपालिका हाबी नहुनेगरी काउन्सिलले स्वतन्त्र र निष्पक्ष ढङ्गले काम गर्नेगरी व्यवस्था गरिनुपर्ने सुझाउनुभयो। संशोधनकर्ता सांसद लक्ष्मी तिवारीले काउन्सिललाई स्वतन्त्र र निष्पक्ष निकायका रूपमा भूमिका निर्वाह गर्नेगरी पदाधिकारी नियुक्ति हुनुपर्नेमा जोड दिनुभयो। संशोधनकर्ता सुशीला सिर्पाली ठकुरीले काउन्सिललाई नियमन गर्ने स्वायत्त निकाय बनाउनुपर्ने, निशा डाँगीले काउन्सिललाई मन्त्रालयको एउटा निकायका रूपमा नभई स्वतन्त्र बनाइनुपर्नेमा जोड दिनुभयो।

यस्तै, संशोधनकर्ता उर्मिला माझीले प्रेस स्वतन्त्रता कुण्ठित नहुनेगरी आमसञ्चारलाई चुस्त, दुरुस्त र जिम्मेवार बनाउनेगरी विधेयकलाई चाँडो पारित गरिनुपर्नेमा जोड दिनुभयो। संशोधनकर्ता सोविता गौतमले काउन्सिलको सिफारिस समिति स्वतन्त्र प्रकृतिको हुनुपर्ने र नियमनकारी संस्थालाई बढी स्वायत्त बनाउन जरूरी भएको उल्लेख गर्नुभयो। संशोधनकर्ता विमला सुवेदीले श्रमजीवी पत्रकारको पारिश्रमिक अनुमनको व्यवस्था गरिनुपर्ने सुझाव प्रस्तुत गर्नुभयो।

सांसद देवेन्द्र पौडेलले मिडिया काउन्सिल विधेयकमा धेरै विषय मिलेर आएकाले चाँडो टुङ्ग्याइनुपर्नेमा जोड दिनुभयो।

समिति सभापति अम्मरबहादुर थापाले संशोधनकर्तासँगको छलफल सकिएकाले अब विज्ञहरूसँग छलफल र उपसमिति गठन गरी विधेयकमाथि दफावार छलफल गरेर विधेयकलाई चाँडै टुङ्गो लगाइने बताउनुभयो। आजको बैठकले मिडिया काउन्सिल विधेयकमाथि दफावार छलफलका लागि उपसमिति गठन गर्ने निर्णयसमेत गरिसकेको छ। सात सदस्यीय उपसमितिको संयोजक र सदस्य अर्को बैठकबाट घोषणा हुने समितिका सभापति थापाले जानकारी गराउनुभयो। रासस

## धार्मिक......

छाएको छ। जनकपुरधाम नगरको साँचो बोकेको उपमहा नगरपालिकाले त यस्तो गरिरहेको छ भने प्रदेश सरकारको त झनै बोलचाल छैन। दुवै सरकार जनकपुरधामको समग्र सौन्दर्य, पर्यटन सम्भावना र धार्मिक गरिमाको रक्षा गर्न कति गम्भीर छन् भन्ने यिनै दृश्यबाट स्पष्ट हुन्छ। राज्यको मौनता, स्थानीय सरकारको गम्भीरताविहीनता र नागरिक समाजको निष्क्रियताले गर्दा जनकपुरधामको गरिमा द्रुतगतिमा ओरालो लागिरहेको छ।

हाम्रो सहर–जनकपुरधाम–केवल धार्मिक पूजाअर्चनाको केन्द्र होइन, यो नेपालको सांस्कृतिक धरोहर हो। यस्ता नगरीलाई व्यवस्थित गर्न व्यापक योजना, समन्वय, सचेतना र अभियान आवश्यक छ। मठमन्दिर क्षेत्रलाई धार्मिक घेरामा राखी शान्त, फोहोररहित, सौन्दर्ययुक्त बनाउनु जरुरी छ। पसलहरूलाई व्यवस्थित गर्न निश्चित क्षेत्र तोक्नुपर्छ, फोहोर व्यवस्थापनलाई प्राथमिकता दिनुपर्छ, र दैनिक अनुगमन प्रणाली विकास गर्नुपर्छ।

यदि यस्ता कामहरू अविलम्ब सुरु भएनन् भने, केही वर्षमै जनकपुरधामको गरिमा पर्यटकको नजरमा क्षयीकरण हुनेछ। धार्मिक नगरीको यो रूप देख्दा नेपाल भ्रमणमा आएका श्रद्धालुहरु आफैं सन्तप्त हुन्छन्। यही कारणले गर्दा उनीहरूको अनुभव निराशाजनक बन्ने खतरा बढिरहेको छ।

आज आवश्यक छ जनकपुरधामलाई साँचो धार्मिक, सांस्कृतिक र ऐतिहासिक केन्द्र बनाउने साझा संकल्प, जसमा सरकार, उपमहानगरपालिका, नागरिक समाज, युवाहरु, पत्रकार, सुरक्षा निकाय र सम्पूर्ण जनकपुरवासीको उत्तरदायित्व रहनेछ।

सहरको सौन्दर्य केवल मन्दिरको भित्तामात्र होइन, त्यस वरिपरिको वातावरणले तय गर्छ। सडक, बत्ती, फोहोर व्यवस्थापन, श्रद्धालुको सहुलियत, धार्मिक मर्यादा, पर्यटकको स्वागत आदिसबै पक्षलाई जोडेर जनकपुरधामको गरिमा जोगाउन सकिन्छ। अब पनि समय छ–बुझ्नका लागि, बदल्नका लागि, र जोगाउनका लागि। जनकपुरधाम हाम्रो आस्था, इतिहास र पहिचान हो–यसलाई केवल हेर्न होइन, सजाउनु पनि हाम्रो कर्तव्य हो।

# ‘कलकतियावाली’ मैथिली फिल्म साउन १० गतेदेखि प्रदर्शनमा

दैनिक समाचारदाता

जनकपुरधाम, ६ साउन। मैथिली भाषामा निर्माण गरिएको फिल्म ‘कलकतियावाली’ यही साता प्रदर्शनमा आउन लागेको छ। ग्रामीण परिवेशमा आधारित कथावस्तु समेटिएको यस फिल्म आगामी साउन १० गतेदेखि सिरहाको सिनेमा हलमा प्रदर्शन हुने भएको हो।

फिल्मका लेखक तथा निर्देशक अरुण कुमार यादवले मंगलबार पत्रकार सम्मेलनको आयोजना गरी फिल्मको प्रदर्शनबारे जानकारी दिएका हुन्। निर्देशक यादवका अनुसार, ‘फिल्म एक महिना अगाडि नै प्रदर्शन हुने तयारीमा थियो, तर अभिनेत्री अन्सा सादाको आकस्मिक निधनका कारण ढिलाइ भयो। अहिले पनि हामी शोकमै छौं, तर अन्साको सपना थियो( यो फिल्म छिट्टै दर्शकमाझ पुगोस। त्यो सपना साकार पार्न हामी प्रस्तुत भएका हौं।’



निर्देशक यादवले सम्पूर्ण तराईवासीहरूलाई एकपटक फिल्म अवश्य हेर्न अपिल गरे। ‘फिल्म पूर्ण रूपमा ग्रामीण जीवनशैली, संस्कृति र वर्तमान समाजको यथार्थ चित्रणमा आधारित छ,’ उनले बताए। ‘यहाँको कला, संस्कृति र मूल्य( मान्यताको संरक्षण, संवर्द्धन तथा विकृति(विसंगतिविरुद्ध चेतना जगाउने उद्देश्य फिल्मको केन्द्रमा रहेको छ।’

फिल्म ‘कलकतियावाली’ मा अविनाश झा (कलकतियावाली) प्रमुख भूमिकामा छन्। अभिनेत्री स्व. अन्सा सदाले प्रमुख महिला पात्रको भूमिका निर्वाह गरेकी छिन् भने अभिनेता श्याम राहत ( अठिवा) फिल्मका प्रमुख नायक हुन्।

त्यसैगरी फिल्ममा वरिष्ठ कलाकार रामनारायण ठाकुर, अंशिका भुजेल सहितका कलाहरु हुन।

# सप्तरीका गाउँबस्तीमा ट्याङ्कर बाट शुद्ध पानी वितरण सुरु

दैनिक समाचारदाता

सप्तरी, ६ साउन। मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहको निर्देशनपछि सप्तरी जिल्लाका विभिन्न स्थानीय तहमा ट्याङ्कर तथा दमकलमार्फत शुद्ध खानेपानी वितरण सुरु गरिएको छ।

प्रदेश सरकारको व्यवस्थापनमा मङ्गलबार रुपनी गाउँपालिका-१ र २ मा ट्याङ्कर तथा दमकलमार्फत खानेपानी वितरण गरिएको हो। यस्तै, राजगढ गाउँपालिका, अग्निसाइर कृष्णासवरन गाउँपालिका, विष्णुपुर गाउँपालिका र सुरुङ्गा नगरपालिकाका पानी अभावग्रस्त बस्तीहरूमा पनि शुद्ध पानीको आपूर्ति थालिएको प्रमुख जिल्ला अधिकारी भोला दाहालले जानकारी दिनुभयो।

प्रजिअ दाहालका अनुसार पानी अभाव भएका टोल-टोलमा खानेपानी संस्थानमार्फत शुद्ध पानी वितरण कार्य सोमबारदेखि सुरु गरिएको हो।



“जिल्लाभरि समस्या छैन, तर जहाँ अभाव छ, त्यहाँ वडाअध्यक्ष र पालिका प्रमुखसँग समन्वय गरी आपूर्ति गरिरहेका छौं,” उहाँले भन्नुभयो।

राजविराजस्थित नेपाली सेनाको सहयोगमा सञ्चालन गरिएको उक्त अभियान अन्तर्गत स्थानीय पालिकाहरूको मागका आधारमा शुद्ध पानी वितरण भइरहेको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ।

यो पहल मधेश प्रदेशमा फैलिएको जलसंकटको सन्दर्भमा राहतको रूपमा हेरिएको छ।

# म अघि बढिसके, खुट्टा कमाउदिनँ–पूर्वराष्ट्रपति भण्डारी




दैनिक समाचारदाता

काठमाडौं, ६ साउन। पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले आफू पछि हट्ने अवस्था नरहेको बताएकी छन्।

राजनीतिक रिपोर्टरहरुसँग भंगालमा पूर्वराष्ट्रपति भण्डारीले खुट्टा कमाउने स्थितिमा नरहेको बताएकी हुन्। ‘म अघि बढिसके, खुट्टा कमाउदिनँ’, उनले भनिन्।

आफू सक्रिय राजनीतिमा आउने कुरामा कसैले पनि भयभीत नहुन पूर्वराष्ट्रपति भण्डारीले आग्रह गरेकी छन्। ‘बरु मेरो पक्षमा बोल्नेहरुलाई आतंकित पार्न खोजिदैछ, यस्तो बन्द गर्नुपर्छ’, भण्डारीले भनेकी छन्।

पूर्वराष्ट्रपति भण्डारीले एमालेको राजनीतिमा फर्कने निर्णयको लामो शृङ्खला नै सुनाएकी थिइन्।

# ‘असफाल्ट प्लान्ट’को प्रदूषणले बस्तीमा सास्ती

दैनिक समाचारदाता

सिरहा, ६ साउन। सिरहाको धनगढीमाई नगरपालिका-३ स्थित बनौलीमा सञ्चालित ‘बजरङ्गबली कन्स्ट्रक्सन’को असफाल्ट प्लान्टले स्थानीय बासिन्दाको स्वास्थ्यमा गम्भीर असर पारिरहेको भन्दै तीव्र असन्तोष उत्पन्न भएको छ। तीन वर्षदेखि सञ्चालनमा रहेको सो प्लान्टबाट उत्सर्जित धूलो, धुवाँ, कडा गन्ध र आवाजले दैनिक जीवन कष्टकर बन्दै गएको स्थानीयको गुनासो छ।

प्लान्ट नजिकै रहेको नाइटिङ्गेल विद्यालयका विद्यार्थीमा वाकवाकी, टाउको दुख्ने र वान्ता आउने समस्या देखिन थालेको छ। “४०० विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल असर परेको छ,” विद्यालयका प्रधानाध्यापक विजय चौधरी बताउँछन्। बालबालिका,




वृद्धवृद्धा र घरबाहिर काम गर्नेहरू बढी प्रभावित भएका छन्। स्थानीय विजय सहनी बसोबास गर्नै नसकिने भन्दै घर सार्न बाध्य भए। यस्तै, आसपासका बनौली, घले टोल, छप्रारी, मेदनीपुरलगायतका बस्तीमा प्रदूषणले असर पारेको छ।

स्थानीय उजुरीपछि असार १८ मा इलाका प्रशासन कार्यालय लहानले प्लान्टमा ताला लगाएको थियो। तर त्रिपक्षीय सहमतिपछि असार मसान्तसम्म मात्र चलाउन दिइएको उद्योग साउन १ पछि पनि बिना प्रदूषण नियन्त्रण उपाय सञ्चालन गरिएको स्थानीयको आरोप छ।

इलाका प्रशासन प्रमुख गोकर्णराज सुयलले जनस्वास्थ्यप्रति संवेदनशील रहँदै उद्योग तत्काल बन्द गर्न निर्देशन दिइएको बताएका छन्। नगरप्रमुख शिवशङ्कर महतोले वातावरणीय असर पुष्टि भएमा आवश्यक कारबाही हुने बताएका छन्।

स्थानीय, अभिभावक र शिक्षकले प्लान्ट तत्काल हटाउन वा बन्द गर्न माग गर्दै आन्दोलनको चेतावनी दिएका छन्।

अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



- विभिन्न प्रकारको कोटन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४